**एघारौ वार्षिक प्रतिवेदन**
**२०७१/२०७२**




# सांग्रिला डेभलपमेन्ट बैंक लि.
# Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार

# सञ्चालक समिति



**प्रा. सुरेन्द्र बहादुर भारीजु**
अध्यक्ष



**अच्युत प्रसाद प्रसाई**
सञ्चालक



**प्रा. डा. रवीन्द्र प्रसाद श्रेष्ठ**
सञ्चालक



**मधुसुदन शर्मा**
सञ्चालक



**शिव लाल मल्ल**
सञ्चालक



**उज्जवल सत्याल**
सञ्चालक



**चुडामणी ढकाल**
सञ्चालक (सर्वसाधारण समूह)



**ई. निरन कुमार श्रेष्ठ**
सञ्चालक (सर्वसाधारण समूह)

# उच्च कार्यकारी



**राजेन्द्र प्रसाद पौडेल**
प्रमुख कार्यकारी अधिकृत



**सि.ए. दिनेश थकाली**
नायव प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

लेखापरिक्षक
**सि.ए. मनिष राज उप्रेती**
एबिएमएस एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

# विषय सूची


| क्र.सं. | विषयहरू | पृष्ठ |
|---|---|---|
| १. | एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना | १ |
| २. | एघारौं वार्षिक साधारण सभा सम्बन्धी जानकारी | २ |
| ३. | प्रोक्सी फाराम र प्रवेश पत्र | ३ |
| ४. | एघारौं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन | ५ |
| ५. | कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरण | १६ |
| ६. | लेखापरीक्षकको प्रतिवेदन | २० |
| ७. | वासलात | २१ |
| ८. | नाफा नोक्सान हिसाब | २२ |
| ९. | नाफा नोक्सान बाँडफाँड हिसाब | २३ |
| १०. | नगद प्रवाह विवरण | २४ |
| ११. | इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण | २५ |
| १२. | अनुसूचीहरू | २६-४९ |
| १३. | प्रमुख लेखा नीतिहरू | ५० |
| १४. | लेखा सम्बन्धित टिप्पणीहरू | ५३ |
| १५. | संस्थापक तथा समूहको शेयर धितो राखी लिएको कर्जा विवरण | ६० |
| १६. | अपरिस्कृत तथा लेखा परिक्षण भएको विवरणको फरक | ६१ |
| १७. | नेपाल राष्ट्र बैंकबाट दिइएका निर्देशनहरू | ६२ |
| १८. | नेपाल राष्ट्र बैंकबाट दिइएका निर्देशनहरूको प्रतिक्रिया | ६३ |
| १९. | प्रबन्ध पत्र तथा नियमावलीको संशोधन प्रस्तावको तीन महले विवरण | ६४ |

साँग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार

SHANGRI-LA DEVELOPMENT BANK LTD.
11th
ANNUAL REPORT 2071/072

# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको
# एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**आदरणीय शेयरधनी महानुभावहरू,**

मिति २०७२/१०/११ गते बसेको संचालक समितिको १५९औं बैठकको निर्णय अनुसार यस सांग्रिला डेभलपमेन्ट बैंकको एघारौं वार्षिक साधारण देहायका विषयमा छलफल गरी निर्णय लिनका लागि निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार आदरणीय शेयरधनी महानुभावहरूको उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, स्थान र समय :**

मिति : २०७२ साल फाल्गुण १४ गते, शुक्रबार (तद्नुसार २६ फेब्रुअरी २०१६)
स्थान : नमस्ते किचन बेकरी एण्ड बैंक्वेट, गैह्रीधारा, काठमाण्डौं।
समय : विहान ११:०० बजे

**साधारणसभा छलफलका विषयहरू :**

**क) सामान्य प्रस्तावहरू :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व २०७१/०७२ को बार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने बारे ।

२. आ.व २०७१/०७२ को लेखापरीक्षण भएको लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ साल आषाढ मसान्तसम्मको वासलात र सोही मिति सम्मको नाफा नोक्सान हिसाब, नाफानोक्सान बाडँफाँड हिसाब, नगद प्रवाह विवरण तथा सो वित्तीय विवरणमा संलग्न अनुसुचीहरू लगायतका आर्थिक विवरणहरू छलफल गरी पारित गर्ने बारे ।

३. आ.व २०७२/०७३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको शिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक ए.वि.एम.एस. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)

**ख) विशेष प्रस्तावहरू :**

१. संचालक समितिबाट प्रस्तावित विकास बैंकको शेयरधनीहरूलाई गत वर्षको सञ्चित नाफा, अन्य जगेडा रकम र यस आ.व. २०७१/०७२ को खुद मुनाफा समेत मध्येबाट चुक्ता पूँजीको २०.८५ प्रतिशतले बोनस शेयर प्रदान गर्ने । मर्जको बखत कायम भएका शेयरधनीहरूलाई अग्रिम करकट्टी छुट हुने हुँदा सो पश्चात् कायम हुन आउनु भएका शेयरधनीहरू न्युन भएकाले निजहरूबाट बोनस शेयरमा लाग्ने कर नगद बुझीलिने तथा खुद्रा शेयरलाई मिलान गर्ने सम्बन्धमा ।

२. नेपाल राष्ट्र बैंकद्वारा जारी भएको मौद्रिक निति तथा निर्देशनहरू अनुरूप विकास बैंकको अधिकृत पूँजी रू. २,५०,००,००,०००/- (दुई अर्ब पचास करोड) मा बृद्धि गर्ने, हाल चुक्ता पूँजी रू. ७३,६०,००,०००/- कायम रहेकोमा त्यसमा दशौं वार्षिक साधारण सभाद्वारा पारित ४ बराबर १ कित्ता हकप्रद शेयर जारी गर्दा हुन आउने रू. १८,४०,००,०००/- तथा आ.व. २०७१/०७२ मा प्रस्तावित २०.८५ प्रतिशतले बोनस शेयर प्रदान गर्दा हुन आउने रू. १५,३४,५६,०००/- गरी कुल जारी तथा चुक्ता पूँजी रू १,०७,३४,५६,०००/- कायम गर्ने गरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने तथा सोही अनुरूप प्रबन्धपत्रमा संशोधन प्रस्ताव परित गर्ने बारे सम्बन्धमा (३ महले प्रस्ताव बमोजिम) ।

३. विकास बैंकको बोनस शेयर तथा हकप्रद शेयर जारी भए पश्चात् हुन आउने जम्मा चुक्ता पूँजीको समुहगत शेयर स्वामित्व संस्थापक शेयरधनीको ५१ प्रतिशत र सर्वसाधारण शेयरधनीको ४९ प्रतिशत कायम गर्ने गरी शेयर अनुपात परिवर्तन गर्ने र सोही अनुरूप विकास बैंकको प्रबन्धपत्रमा संशोधन प्रस्ताव पारित गर्ने बारे (३ महले प्रस्ताव बमोजिम) ।

४. विकास बैंकको सञ्चालक समितिमा (३ महले प्रस्ताव बमोजिम) संस्थापक समुहका शेयरधनीहरूबाट ४ जना, सर्वसाधारण शेयरधनीहरूको तर्फबाट ३ जना सञ्चालक तथा १ जना विशेषज्ञ संचालक रहने गरी समुहगत प्रतिनिधित्व सम्बन्धमा नियमावलीमा संशोधन प्रस्ताव पारित गर्ने बारे ।

५. यस बिकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने/गाभिने र प्राप्ति (Acquisitions) गर्ने गराउने वा विदेशी रणनीतिक साझेदार भित्र्याउने तथा सो सम्बन्धमा आवश्यक प्रकृया अगाडी बढाई सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा।

६. यस विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने गराउने सम्बन्धमा सहमतीपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, विकास बैंकको चल अचल सम्पत्ति, दायित्व तथा कारोवारको मुल्याङ्कन गर्ने (DDA) मुल्याङ्कन कर्ता नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने, सम्पत्ति र दायित्व मुल्याङ्कन प्रतिबेदन अनुमोदन गर्ने, गाभ्ने/गाभिने र प्राप्ति सम्बन्धि सम्झौता गर्ने तथा सो सम्बन्धमा अन्य आवश्यक निर्णयहरू लिई गाभ्ने/गाभिने तथा प्राप्तिको सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदानगर्ने सम्बन्धमा ।

७. गाभ्ने/गाभिने र प्राप्ति गर्ने गराउने सम्बन्धमा सम्बन्धित नियमनकारी निकायबाट स्विकृति लिने सिलसिलामा निर्देशन प्राप्त भएमा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन परिमार्जन, थपघट गर्नु परेमा सो गर्ने तथा गाभ्ने/गाभिने प्राप्ति भएपछि बस्ने साधारण सभाद्वारा अनुमोदन गर्ने गरी गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी सम्पूर्ण कार्यहरू पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

८. यस साधारण सभामा प्रस्तुत प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी विशेष प्रस्तावको निर्णय अनुसार स्विकृति लिने शिलशिलामा नियमनकारी निकायको निर्देशन प्राप्त भए बमोजिम प्रबन्धपत्र, नियमावली तथा अन्य कुनै विषयमा संशोधन, परिमार्जन तथा थपघट गर्नु परेमा सो सम्बन्धमा आवश्यक निर्णय लिन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

९. बैशाख २०७२ मा नेपालमा गएको महाभुकम्पको कारणले भएको क्षतीलाई राहत प्रदान गर्न बिकास बैंकको तर्फबाट प्रधानमन्त्री दैबी प्रकोप उद्दार कोषमा प्रदान गरिएको रकम रू. १२ लाखको अनुमोदन गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

संचालक समितिको आज्ञाले
दिनेश थकाली
(कम्पनी सचिव)

# एघारौं वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१. एघारौ वार्षिक साधारण सभा, सो सभामा पेश हुने २०.८५ प्रतिशत बोनस शेयर (कर बाहेक) तथा यस विकास बैंकको दशौं वार्षिक साधारण सभाबाट पारित भए बमोजिम ४ शेयर बराबर १ शेयरको अनुपातमा जारी गरिने हकप्रद शेयरको प्रयोजनका लागि विकास बैंकको शेयर दाखिल खारेज (शेयर दर्ता किताब) मिति २०७२/१०/२१ गते देखि मिति २०७२/११/१४ गतेसम्म बन्द रहने छ । साथै मिति २०७२/१०/२० गतेसम्म नेपाल धितोपत्र विनिमय बजार लि. मा कारोवार भई ७ कार्य दिन अर्थात् मिति २०७२/१०/२९ गते सम्म यस विकास बैंकको शेयर रजिष्ट्रार एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा शेयर दाखिल खारेजका लागि प्राप्त भई दाखिल खारेज भई कायम शेयरधनीहरूलाई साधारण सभामा भाग लिन, २०.८५ प्रतिशत वोनस शेयर (कर बाहेक) प्राप्त गर्न साथै ४ शेयर बराबरको १ शेयरको अनुपातमा जारी गरिने हकप्रद शेयर प्रदान गरिने छ ।

२. सभामा उपस्थित हुने शेयरधनीहरूले सभा सम्बन्धी सूचना साथ प्रेषित प्रवेशपत्र साथमा लिई आउनुपर्नेछ, प्रवेशपत्र प्राप्त नगर्नु भएका शेयरधनी महानुभावहरूले विकास बैंकको प्रधान कार्यालयबाट प्राप्त गर्न सक्नुहुनेछ वा बैंकको आधिकारिक वेबसाईट www.shangrilabank.com बाट डाउनलोड गर्न सकिनेछ ।

३. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रोक्सी फारम भरी सभा सुरू हुने भनी तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै कारोवार समयभित्र विकास बैंकको केन्द्रिय कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । यसरी नियुक्त गरिएको प्रतिनिधि विकास बैंकको शेयरधनी हुनुपर्नेछ । त्यसरी प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि मुकरर गरी सभा शुरू हुने भनी तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै विकास बैंकको केन्द्रीय कार्यालयमा कारोवार समय भित्र दर्ता गरेमा वा आफू स्वयं साधारण सभामा उपस्थित हुन स्वयं आएमा त्यस्तो शेयरधनीले गरिदिएको अघिल्लो प्रोक्सी स्वतः बदर हुनेछ । कुनै शेयरधनीले एक भन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेको रहेछ भने निज स्वयंले अन्य बदर गरी एउटा कायम गरेको अवस्थामा बाहेक त्यस्ता सबै प्रतिनिधि पत्रहरू स्वतः बदर हुनेछ । प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्तिलाई नियुक्त गर्नुपर्छ कुनै किसिमबाट छुट्याई दिएमा उक्त प्रोक्सी बदर गरिनेछ । यस सम्बन्धमा साधारण सभामा विवाद गर्न पाईने छैन ।

४. संयुक्त रूपमा शेयर ग्रहण गर्ने शेयरधनीहरूको हकमा साझेदारहरूद्वारा नियुक्त साझेदारले वा निजले नियुक्त गरेको प्रतिनिधिले र सो बमोजिम नियुक्त हुन नसकेकोमा शेयरधनीहरूको दर्ता किताबमा नाम क्रमानुसार अघि लेखिएको साझेदारले मात्र सभामा भाग लिन छलफल गर्न र मतदान गर्न पाउनेछ ।

५. नाबालक वा मानसिक सन्तुलन ठिक नभएका शेयरधनीको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको रूपमा दर्ता भएको संरक्षकले वा संरक्षकले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन तथा मतदान गर्न पाउनेछ ।

६. संगठित संस्था वा कम्पनी शेयरधनी भएकोमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

७. विविध शीर्षक अन्तर्गत छलफल गर्न चाहने शेयरधनीले छलफल गर्न चाहेको विषय सभा हुनुभन्दा ७ दिन अगावै लिखित रूपमा अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ । तर, त्यसलाई पारित गरिनु पर्ने प्रस्तावको रूपमा राखिने छैन ।

८. साधारण सभाको काम कारवाहीहरू कम्पनी ऐन. २०६३, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन. २०६३, विकास बैंकको प्रबन्धपत्र, नियमावली बमोजिम हुनेछन् ।

९. साधारण सभा सम्बन्धी थप जानकारी विकास बैंकको प्रधान कार्यालय वालुवाटार काठमाण्डौंबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार

# प्रोक्सी फाराम

श्री सञ्चालक समिति
**सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड,**
बलुवाटार, काठमाडौं ।

**विषय : प्रतिनिधि नियुक्त गरेको बारे।**

महाशय,
........................ जिल्ला, .......................... म.न.पा./उ.मा.न.पा./न.पा./गा.वि.स., वडा नं. .......... बस्ने म/हामी.........................................
........................................................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०७२/११/१४ गते शुक्रबारका दिन हुने एघारौं साधारण सभामा म/हामी स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि..............................जिल्ला,................................ म.न.पा./उ.मा.न.पा./न.पा./गा.वि.स.,वडा नं...........बस्ने श्री ....................................................................................लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/पठाएका छौं ।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको**

शेयर प्रमाणपत्र नं.
हस्ताक्षरको नमूना

**निवेदक**
दस्तखत : ...................................
नाम : ..............................................................................
ठेगाना : ..................................................................
शेयर प्रमाणपत्र नं. : ....................
शेयर संख्या : ............................

(द्रष्टव्य : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।)

---

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानिय विकासको आधार

# प्रवेश–पत्र

शेयरधनीको नाम : ....................................................................
शेयर प्रमाणपत्र नं. : ........................
शेयर संख्या : ........................

यस विकास बैंकको एघारौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने भएकोले उक्त सभामा उपस्थित हुन यो प्रवेश-पत्र जारी गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान :**
मिति : २०७२/११/१४ गते शुक्रबार (तद्नुसार सन् २०१६/०२/२६) ।
समय : बिहान ११ बजे ।
स्थान : नमस्ते किचेन बेकरी एण्ड बैंक्वेट, गैह्रीधारा, काठमाण्डौं ।

...............................
**दिनेश थकाली**
(कम्पनी सचिव)

(द्रष्टव्य : यो प्रवेश-पत्र सभाकक्षमा प्रवेश गर्दा र साधारण सभा सम्पन्न नहुन्जेल अनिवार्य रूपमा साथ राख्नु होला ।)

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार

SHANGRI-LA DEVELOPMENT BANK LTD.

11th

ANNUAL REPORT 2071/072

# सांग्रिला डेभलपमेन्ट बैक लिमिटेडको एघारौं वार्षिक साधारण सभाका लागि संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन आ.व. २०७१/०७२

आदरणीय शेयरधनी महानुभावहरू,

यस **सांग्रिला डेभपमेन्ट बैंक लिमिटेड**को आजको यस **एघारौ वार्षिक साधारण सभा**मा उपस्थित हुनु भएका सम्पूर्ण श्रद्धेय शेयरधनी महानुभाव, अतिथिज्यूहरू, संचालक समिति सदस्यज्यूहरू एवं उपस्थित भद्र महिला तथा सज्जन वृन्दहरू प्रति आजको यस साधारण सभाको शुभ अवसरमा मेरो व्यक्तिगत तथा संचालक समितिका तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दछु ।

आ.व. २०७१/०७२ मा यस विकास बैंकले हासिल गरेको प्रगति एवं उपलब्धिहरू समावेश गरिएको २०७२ आषाढ मसान्त सम्मको वासलात, नाफा/नोक्सान हिसाब, नाफा/नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धीत अनुसूचीहरू सहितको संचालक समिति तथा नेपाल राष्ट्र बैंकबाट पारित तथा स्विकृत वित्तिय विवरण यहाँहरू समक्ष अनुमोदनका लागि पेश गरेको छु ।

यस सभाले विगत वर्षमा बैंकले गरेको उपलब्धिहरू तथा चालु आ.व. र भविष्यमा चाल्नु पर्ने कदम तथा भविष्यमा अपनाउनु पर्ने नीति नियम र कार्य योजना सम्बन्धमा सर-सल्लाह सुझाव एवं मार्ग निर्देशन गर्नेछ भन्ने विश्वासका साथ यहाँहरू सम्पूर्णलाई हृदयदेखी हार्दिक स्वागत गर्दै यस एघारौ वार्षिक साधारण सभाको प्रतिवेदन छलफल तथा स्विकृतीको लागी यहाँहरू समक्ष पेश गर्ने अनुमती चाहन्छु ।

## (१) आ.व. ०७१/०७२ को विकास बैंकको कारोवार समिक्षा :-

### क) वित्तीय स्थिती:

विकास बैंकको विगत वर्ष सँगको तुलनात्मक वित्तीय स्थिती निम्न अनुसार छ :

(रू. हजारमा)

| विवरण | चालु आ.व. २०७१/०७२ | *गत आ.व. २०७०/०७१ | वृद्धि/कमी | |
|---|---|---|---|---|
| | | | रकममा | प्रतिशत |
| चुक्ता पूँजी (प्रस्तावित बोनस शेयर सहित) | ८८९,४५६ | ७३६,०००.०० | १५३,४५६.०० | २०.८५% |
| जगेडा तथा कोषहरू (लाभांश पछिको) | १४१,६७७ | ११६,८६१ | २४,८१५.९८ | २१.२४% |
| कुल सम्पत्ति | ९,१६७,५५४.७९ | ७,४६२,२१४.४८ | १,७०५,३४०.३० | २३% |
| कुल निक्षेप | ८,०१०,८८४.०८ | ६,४५५,९३७.०८ | १,५५४,९४७.०० | २४% |
| कुल कर्जा तथा सापट | ६,५३६,५६१.०३ | ५,२१३,८६२.५८ | १,३२२,६९८.४५ | २५% |
| लगानी | २०२,९४५.२७ | ७२,१९४.४० | १३०,७५०.८७ | १८१% |
| तरल सम्पत्ती | २,५०२,७६२.१६ | २,११९,७५९.८९ | ३८३,००२.२७ | १८% |
| तरलता प्रतिशत | ३१.२४% | ३२.८३% | -०.०२ | -५% |
| निष्क्रिय कर्जा प्रतिशत | ०.५८% | ०.६८% | -०.१०% | -१५% |
| पूँजी कोष पर्याप्तता प्रतिशत | १३.२१% | १३.८९% | -०.०१ | -५% |

माथि उल्लेखित वित्तिय विवरणहरूको आधारमा बिकास बैंक वित्तीय सूचकांकहरूमा सवल भएको विश्लेषण गर्न सकिन्छ । बिकास बैंकको चुक्ता पूँजी, कुल सम्पत्ती, कर्जा सापट, निक्षेप लगायतमा उल्लेखनीय बृद्धी गरेको छ ।त्यसको साथै समिक्षा बर्षमा बैंकले लगानी तर्फ विकास ऋणपत्रमा थप १५ करोड, दोस्रो बजार मार्फत अन्य संगठित संस्थाको शेयर तथा म्यूचियल फण्डमा २ करोड ६० लाख लगानी गरेकोले बिकास बैंकको आम्दानीमा विविधता गर्ने तर्फ अग्रसर भएकोछ । व्यापारमा भएको बद्धिले बिकास बैंकको पुंजीकोष पर्याप्ततामा पनि खासै कमी आएको छैन जुन नेपाल राष्ट्र बैंकद्धारा तोकीएको न्यूनतम प्रतिशत भन्दा अत्यधीक नै रहेको तथा यस बर्ष थप हुने बोनश शेयर तथा हकप्रद शेयरले सोलाई सबल बनाउन सहयोग पुग्नेछ भने कर्जा असुलीमा कडाई गरि निष्कृय कर्जा अनुपात न्यून गर्न बैंक सफल रहेको छ ।

## ख) संचालन नतिजा

(रू. हजारमा)

| विवरण | चालु आ.व. २०७१/०७२ | *गत आ.व. २०७०/०७१ | वृद्धि/कमी | |
|---|---|---|---|---|
| | | | रकममा | प्रतिशत |
| व्याज आम्दानी | ८१२,९८८.७३ | ३०४,०४१.३५ | ५०८,९४७.३९ | १६७% |
| व्याज खर्च | ३९७,१४७.२९ | १६१,८७५.७१ | २३५,२७१.५८ | १४५% |
| संचालन खर्च | १०२,९२७.०८ | ६०,२५१.५१ | ४२,६७५.५७ | ७१% |
| संचालन आम्दानी | २८६,४६७.२५ | ३३,६३६.९९ | २५२,८३०.२६ | ७५२% |
| गैह्र संचालन आम्दानी | २३७.४३ | ३६६.३४ | -१२८.९२ | -३५% |
| खुद मुनाफा | १७८,०३१.५० | ७४,०७३.६१ | १०३,९५७.८८ | १४०% |
| नोक्सानी व्यवस्था थप (कमी) | १८,१४३.१७ | -३,१०९.६३ | २१,२५२.८१ | -६८३% |
| निष्क्रिय कर्जा प्रतिशत | ०.५८% | ०.६८% | -०.१०% | -१५% |
| शेयर संख्या प्रस्तावित बोनश शेयर बाहेक (हजारमा) | ७,३६०.०० | ६,४००.०० | ९६०.०० | १५% |
| प्रति शेयर आम्दानी रू | २४.१९ | ११.५७ | १२.६२ | १०९% |

*गत आ.ब. साविक बागेश्वरी र आषाढ २९ मा मर्ज भए पछिको कारोवार मात्र समावेश भएको ।

यस समिक्षा बर्षमा विकास बैंककाआम्दानीका सम्पूर्ण सूचकांकहरूमा बृद्धि भएको छ । प्रति शेयर आम्दानीमा समेत बृद्धि भएको छ । खुद मुनाफाको हकमा गत बर्षको साविक बागेश्वरी तर्फको मात्र नाफा समेटिएकोले फरक देखीएको जानकारी गराउन चाहन्छु यस बर्ष गत बर्षको तुलनामा करिब १७ प्रतिशतले बढि रहेको छ ।

## ग) निक्षेप संकलन :

बिगत पाँच आ.व. देखि हालसम्म यस विकास बैंकको निक्षेप रकमको बृद्धिदर निम्नानुसार छ :

**विभिन्न आ.व. को निक्षेप रकम (मर्ज अगाडि र मर्ज पश्चात्)**

| आर्थिक वर्षहरू | साविक बागेश्वरी रकम रू. | साविक सांग्रिला रकम रू. | कुल |
|---|---|---|---|
| २०६७/६८ | १,१७३,३३५,२३५.८४ | १,७४०,५७०,११२.८३ | २,९१३,९०५,३४८.६७ |
| २०६८/६९ | १,७२४,५३६,३४५.०९ | २,५७१,९१७,७४४.७० | ४,२९६,४५४,०८९.७९ |
| २०६९/७० | २,१२५,९०२,१३२.५९ | ३,१२०,१४५,२९७.०० | ५,२४६,०४७,४२९.५९ |
| २०७०/७१ | - | - | ६,४५५,९३७,०८०.०० |
| २०७१/७२ | - | - | ८,०१०,८८४,०७८.५५ |

आ.ब २०७०/७१ को अन्त्यमा मर्ज पश्चात रू. ६ अर्व ४५ करोड निक्षेप रहेको यस विकास बैंकले यस आ. ब. २०७१/०७२ को आषाढ मसान्तसम्म आईपुग्दा करिब १ अर्व ५५ करोड थप निक्षेप संकलन गरि रू.८ अर्व १ करोड पुर्याएको छ जुन गत बर्षको तुलनामा २४.१० प्रतिशतको बृद्धि हो भने सो अवधिसम्म विकास बैंकका करिब १ लाख २० हजार भन्दा बढि ग्राहकहरू रहेका छन् ।



हाल यस विकास बैंकको निक्षेपको बनोट यस प्रकार रहेको छ ।




| निक्षेपको प्रकार | (प्रतिशतमा) | |
|---|---|---|
| | २०७०/०७१ | २०७१/०७२ |
| मार्जिन निक्षेप | ०.८०% | ०.१४% |
| चल्ती निक्षेप | ०.६५% | ०.५६% |
| बचत निक्षेप | ५८.०३% | ५४.१०% |
| मुद्दती निक्षेप | २१.८१% | २२.३९% |
| मागेको बखत तिर्नु पर्ने निक्षेप | १८.४९% | २१.६९% |
| अन्य निक्षेप | ०.९४% | १.१३% |

माथि उल्लेखित निक्षेपको बनोटले पनि प्रष्ट पार्दछ कि विकास बैंकमा मागेको बखत तिर्नु पर्ने (कल खाता), मुद्दती निक्षेप तथा अन्य निक्षेपको तुलनामा बचत निक्षेपको अंश बढि छ । यस बर्षमा तरलतामा सहज भएको कारण बचत निक्षेपमा ब्याजदर घट्दो क्रममा रहेकोले व्यक्तिगत निक्षेपकर्ताहरू मागेको बखत तिर्नु पर्ने निक्षेप तिर आकर्षित भएको कारण सो निक्षेपको प्रकारको अंशमा केही मात्रामा बृद्धि हुन गएको हाम्रो विश्लेषण रहेको छ । यसरी यस विकास बैंकको ८० प्रतिशत भन्दा बढि निक्षेप सर्वसाधारण व्यक्तिहरूको रहेकाले गर्दा विकास बैंक न्यून तरलता जोखिममा रहेको सजिलै अनुमान गर्न सकिन्छ ।

## घ. कर्जा :

विभिन्न आ.व. को कर्जा लगानी (मर्ज अगाडि र मर्ज पश्चात्)

| आर्थिक वर्षहरू | साविक बागेश्वरी रकम रू. | साविक सांग्रिला रकम रू. | कुल संयुक्त रकम रू. |
|---|---|---|---|
| २०६७/६८ | ९२३,५३५,७८३.८२ | १,५९०,३१०,४६०.७४ | २,५१३,८४६,२४४.५६ |
| २०६८/६९ | १,२७४,८०४,६५९.७१ | २,१२२,४४६,२४४.१० | ३,३९७,२५०,९०३.८१ |
| २०६९/७० | १,६६५,९४२,३६१.६० | २,७१५,५६६,२८७.०० | ४,३८१,५०८,६४८.६० |
| २०७०/७१ | – | – | ५,२१३,८६२,५८२.०० |
| २०७१/७२ | – | – | ६,५३६,५६१,०३३.१९ |

गत आ.ब. २०७०/७१ मा रू. ५ अर्व २१ करोड कर्जा रहेको यस विकास बैंकले यस आ. ब. २०७१/०७२ को आषाढ मसान्तसम्म आईपुग्दा करिब १ अर्व ३२ करोड थप कर्जा प्रवाह गरि गरि रू.६ अर्व ५३ करोड पुऱ्याएको छ जुन गत वर्षको तुलनामा २५.४० प्रतिशतको बृद्धि हो।




## ङ. मुनाफा बृद्धि :

यस आ.व. २०७१/०७२ मा विकास बैंकले गत बर्षको तुलनामा कर्जा असुली कार्यमा निकै जोड दिई निष्कृय कर्जालाई समेत न्युन गर्नु, कोषको लागतलाई निक्षेपको प्रकार मिलाई एवं ग्राहक सेवामा ध्यान दिई न्यून राख्न सक्नु, संचालन खर्चको बृद्धि न्यून राख्नुका साथै कर्जा लगानीमा बृद्धिको साथै आफुसंग भएको तरलता विकास ऋणपत्र, बिभिन्न संगठित संस्थाका शेयर तथा म्यूचियल फण्ड जस्ता विभिन्न क्षेत्रहरूमा लगानी वृद्धि गरि कोषको अधिकतम उपयोगिता गर्न सकेको कारण बैंकले मुनाफामा वृद्धि हासिल गर्न सफल रहेको छ । यसरी आगामी वर्षमा पनि बैंकको मुनाफामा दिगो रूपमा वृद्धि हुनेमा बैंक ब्यवस्थापन विश्वस्त रहेको छ ।

विभिन्न आ.व. को संचालन मुनाफा (मर्ज अगाडि र मर्ज पश्चात्)

| आर्थिक वर्षहरू | साविक बागेश्वरी रकम रू. | साविक सांग्रिला रकम रू. | कुल संयुक्त रकम रू. |
|---|---|---|---|
| २०६७/६८ | ४०,८४८,४६५.४१ | ४७,६४२,०८४.७९ | ८८,४९०,५५०.२० |
| २०६८/६९ | ५२,७०५,३४९.८७ | ७३,६५८,७६९.८६ | १२६,३६४,११९.७३ |
| २०६९/७० | ८१,४०५,६२७.८६ | १३१,१०७,९०६.०० | २१२,५१३,५३३.८६ |
| २०७०/७१ | ११५,५५१,११५.०० | १२७,३५६,२८९.०० | २४२,९०७,४०४.०० |
| २०७१/७२ | - | - | २८६,४६७,२५१.८७ |



विभिन्न आ.व. को खुद मुनाफा (मर्ज अगाडि र मर्ज पश्चात्)

| आर्थिक वर्षहरू | साविक बागेश्वरी रकम रू. | साविक सांग्रिला रकम रू. | कुल संयुक्त रकम रू. |
|---|---|---|---|
| २०६७/६८ | २५,८९७,४५१.३९ | २९,१२२,२९८.८७ | ५५,०१९,७५०.२६ |
| २०६८/६९ | ३३,४३६,४९१.९४ | ४७,२४१,९९३.०० | ८०,६७८,४८४.९४ |
| २०६९/७० | ८२,१५३,३२६.२६ | ८३,५८४,८३७.०० | १६५,७३८,१६३.२६ |
| २०७०/७१ | ७४,०७३,६१३.०० | ८०,७९२,८७६.०० | १५४,८६६,४८९.०० |
| २०७१/७२ | – | – | १७८,०३१,४९५.१९ |




**(२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितीबाट कारोवारलाई परेको असर :**

२०७२ वैशाख १२ गतेको महाभूकम्प तथा त्यस पछिको परकम्पका कारण मुलुकमा ठूलो परिमाणमा जनधनको क्षति भएको छ । भूकम्पका कारण ८ हजार ८ सयभन्दा बढीले जीवन गुमाएका छन् भने २२ हजारभन्दा बढी घाइते भएका छन् । भूकम्पपश्चात् नेपाल सरकारद्वारा तयार गरिएको विपत् पछिको आवश्यकता पहिचान (Post Disaster Needs Assessment-PDNA) प्रतिवेदन अनुसार भूकम्पबाट रू. ७०६ अर्ब बराबरको क्षति भएको विवरण सार्वजनिक भएको छ । बिकास बैंक समग्र अर्थतन्त्रको अंग भएकोले राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितीबाट यसको कारोबार अछुतो हुन सक्दैन । आ. व. २०७१/७२ मा नेपालको आधारभुत मूल्यको आधारमा कुल ग्राहस्थ उत्पादन अघिल्लो आ. व. को ५.२ प्रतिशतको तुलनामा ३.० प्रतिशतले मात्र बृद्धि भएका छ । विनासकारी भुकम्प, मौसमी प्रतिकूलता आदि जस्ता कारणहरूबाट यस आ. व. को आर्थिक बृद्धिदर गत बर्ष भन्दा कम हुन गएको अनुमान गर्न सकिन्छ । यस वर्षमा कृषि तथा गैर-कृषि क्षेत्रको वृद्धिदर क्रमशः १.९ प्रतिशत र ३.६ प्रतिशत रहेको अनुमान छ, अघिल्लो वर्ष यस्तो वृद्धि क्रमशः २.९ प्रतिशत र ६.३ प्रतिशत रहेको थियो । त्यसै गरि उत्पादकको मूल्यमा कुल ग्राहस्थ उत्पादन बृद्धिदर अघिल्लो बर्ष ५.४ रहेकोमा समिक्षा बर्षमा ३.४ प्रतिशत रहेको अनुमान छ । नेपाल सरकारको आर्थिक वर्ष २०७२/७३ को बजेट वक्तव्यमा उल्लेखित ६.० प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने भनिएता पनि विनासकारी भुकम्प पछिको पुर्ननिर्माणमा ढिलाई, भारतीय नाकामा भएको अवरोध एवं अघोषित नाकाबन्दी र तराईमा देखिएको राजनीतिक गतिरोध आदिले गर्दा नेपाल राष्ट्र बैंकले यस आ.व मा आर्थिक वृद्धिदर १%-२% मा संकुचित हुनसक्ने आंकलनले पनि यस आ. व. मा समग्र आर्थिक वृद्धिदर निरासाजनक हुने देखिन्छ ।

देशमा आएको बिनासकारी भूकम्पका तथा बन्द हडताल, नाकाबन्दीका कारण आयातमा केही संकुचन भएकोले व्यापार घाटा कमदरले विस्तार भएकोछ । अघिल्लो बर्ष १९.६ प्रतिशत रहेको बस्तु निर्यात समिक्षा बर्षमा ७.३ प्रतिशतले घट्न गएको छ । निर्यात घटेको र आयातमा केही बृद्धि भएका कारण यस बर्ष निर्यात आयात अनुपात ११ प्रतिशतमा झरेको छ जुनकी अघिल्लो बर्ष १२.९ प्रतिशत रहेको थियो । कुल बस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो बर्ष १६.९ प्रतिशतले बढेकोमा समिक्षा बर्षमा ६.३ प्रतिशतले बढेको छ । चिनतर्फको निर्यात अघिल्लो बर्ष ३६.४ प्रतिशतले बढेकोमा समिक्षा बर्षमा ४१.५ प्रतिशतले घटेको छ । त्यसै गरि अन्य मुलुकतर्फको निर्यात अघिल्लो बर्ष ४३.९ प्रतिशतले बढेकोमा समिक्षा बर्षमा ७.८ प्रतिशतले घटेको छ । त्यस्तै आयात तर्फ अघिल्लो बर्ष भारतबाट ३०.२ प्रतिशतले बढेको आयात समिक्षा बर्षमा २.९ प्रतिशतले मात्र बढेको छ । चिनबाट अघिल्लो बर्ष १७.४ प्रतिशतले बढेकोमा समिक्षा बर्षमा उच्चदर ३६.६ प्रतिशतले बृद्धि भएको छ भने अन्य देशबाट अघिल्लो बर्ष २८.२ प्रतिशतले बढेकोमा समिक्षा बर्षमा १२.१ प्रतिशतले मात्र बृद्धि भएको छ ।

नेपालबाट दिनहुँ हजारौंको संख्यामा श्रमयोग्य युवाहरू विदेशीएको अवस्था छ । यसले विप्रेषण आप्रवाहमा उल्लेख्य सहयोग गरेतापनी देश भित्रको श्रममा कमी हुन जाने निश्चीत प्राय छ । यसको असर देशको कृषि योग्य जमिन बाँझो रहने तथा अन्य कल कारखानामा श्रमको अभाव हुने देखिन्छ । साथै विप्रेषणबाट प्राप्त रकमलाई उत्पादनशिल क्षेत्र तर्फ प्रवाह गर्ने स्पष्ट निती नरहे सम्म सो ले उपभोगलाई नै प्रोत्साहन गरि मुद्रास्फिती तथा बैदेशिक व्यापार घाटालाई बढाउने देखिन्छ । यस आ. व. मा विप्रेषण आप्रवाह गत वर्षको २५ प्रतिशतको तुलनामा १३.६ प्रतिशतले बृद्धि भई ६१७ अर्व २८ करोड पुगेको छ ।

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरूको संख्या २०७१ असार मसान्तको २०४ बाट घटेर २०७२ असार मसान्तमा १९५ रहेको छ । "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी विनियमावली, २०६८" कार्यान्वयनमा आएपछि २०७२ असोज मसान्तसम्म ८३ वटा बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा मर्ज भई ३१ वटा संस्था बनेका छन् । त्यसैगरी, समीक्षा अवधिमा एउटा वाणिज्य बैंकले दुईवटा वित्त कम्पनीहरू र एक विकास बैंकले अर्को एक विकास बैंक प्राप्ति (Acquisition) गरेका छन् । जस अनुसार २०७२ जेठ मसान्तमा "क" वर्गका ३०, "ख" वर्गका ७९, "ग" वर्गका ५० र "घ" वर्गका ३६ गरी कुल बैंक तथा वित्तीय संस्थाहरूको संख्या १९५ रहेको छ । सो संख्या गत वर्ष क्रमशः ३०, ८४, ५३ र ३७ रहेको छ । समग्रमा बैंक वित्तीय संस्थाहरूको शाखाहरू घटेको भएतापनी शाखा संजाल गत वर्षको ३४३० बाट बृद्धि भई ३८२४ पुगेकोले बैकिङ्ग अझ प्रतिस्पर्धी बन्न पुगेको छ ।

अन्तर्राष्ट्रिय बजारको हकमा विश्वको आर्थिक वृद्धिदर सन् २०१४ मा ३.४ प्रतिशत रहेकोमा सन् २०१५ मा ३.३ प्रतिशत रहने प्रक्षेपण छ । संयुक्त राज्य अमेरिकाको आर्थिक वृद्धिदर सन् २०१४ को २.४ प्रतिशत रहेकोमा सन् २०१५ मा २.५ प्रतिशत रहने प्रक्षेपण छ । त्यसैगरी, सन् २०१५ मा युरो क्षेत्र एवम् जापानको अर्थतन्त्र क्रमशः १.५ प्रतिशत र ०.८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ । सन्२०१४ मा युरो क्षेत्रको अर्थतन्त्र ०.८ प्रतिशतले वृद्धि भएको थियो भने जापानको आर्थिक वृद्धिदर ०.१ प्रतिशतले ऋणात्मक रहेको थियो । छिमेकी मुलुकहरू भारत र चीनको आर्थिक वृद्धिदर सन् २०१५ मा क्रमशः ७.५ प्रतिशत र ६.८ प्रतिशत रहने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ । सन् २०१४ मा यी मुलुकहरूको आर्थिक वृद्धिदर क्रमशः ७.३ प्रतिशत र ७.४ प्रतिशत रहेको थियो । सन् २०१४ मा ३.२ प्रतिशतले वृद्धि भएको विश्व व्यापार सन् २०१५ मा ४.१ प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण छ । नेपालको बैदेशिक व्यापार समेत भारतबाट आयातमा निर्भर भएको कारणले भारतमा मुद्रास्फिती अधिक रहदा नेपालमा पनि मुद्रास्फिती नियन्त्रण आ. व. भरीनै चुनौतीपूर्ण रह्यो । समग्रमा अन्तर्राष्ट्रिय परिस्थितीले बिकास बैंकलाई केही चुनौती तथा अवसरहरू प्रदान गरेको छ जसलाई सबल व्यवस्थापन गर्न हामी सफल रहेका छौ ।

### (३) चालु आ. व. को उपलब्धी र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा संचालक समितिको धारणा :

चालु आ.ब. २०७२/७३ को प्रथम त्रैयमास खास गरि बैंक तथा बित्तीय संस्थाहरूको लागि मात्र नभएर उद्योग, ब्यापार, पर्यटन, शैक्षिक संस्थाहरूका लागि त्यती उत्साहजनक देखिएन । बैशाख १२ गते आएको महाभुकम्प तथा सो पश्चात आईरहेका पराकम्पनको अलवा देशको राजनीतिक अस्थिरताका कारण विगत केही महिना देखि तराई तथा देशको बिभिन्न भागहरूमा भएको बन्द हडतालले यस अवधिमा बैंक तथा बित्तीय संस्थाहरू नियमित रूपमा संचालन हुन नसकि कर्जा लगानी तथा कर्जा असुलीमा सोको असर नराम्रोसँग पर्न गएको छ ।

### (क) वित्तिय परिसूचकमा उपलब्धी :

आ.व. २०७२/७३ को प्रथम त्रैयमाससम्म आई पुग्दा बिकास बैंकको उपलब्धिहरू निम्न बमोजीम रहेको छ ।

(रू. हजारमा)

| विवरण | आश्विन मसान्त २०७२ | आश्विन मसान्त २०७१ | वृद्धि/कमी | |
|---|---|---|---|---|
| | | | रकममा | प्रतिशत |
| चुक्ता पूँजी | ७३६,०००.०० | ६४०,०००.०० | ९६,०००.०० | १५% |
| जगेडा तथा कोषहरू (लाभांश अघिको) | ३२४,०३५.८३ | २८८,३४७.६४ | ३५,६८८.१९ | १२.४०% |
| कुल सम्पत्ति | ९,९५३,६२६.३५ | ७,८६८,२२८.९० | २,०८५,३९७.४५ | २६.५०% |
| कुल निक्षेप | ८,५२४,९८०.६८ | ६,६९८,५३१.३९ | १,८२६,४४९.२९ | २७.३०% |
| कुल कर्जा तथा सापट | ६,६०४,६४५.४५ | ५,२८९,९१४.०० | १३१४७३१.४५ | २४.९% |
| कर्जा निक्षेप अनुपात (ने. रा. बै. अनुसार) | ६८.९१% | ६९.३९% | ०.०५ | -०.०७% |
| लगानी | २०२,७१२.६४ | ७१,९४२.२५ | १३०,७७०.३९ | १८१.८% |
| तरल सम्पत्ती | २,७९९,५०७.१९ | २,२४२,२२२.३ | ५५७,२८४.८९ | २४.९% |
| तरलता प्रतिशत | ३४.५४% | ३४.५१% | ०.०३ | ०.१०% |
| पूँजी कोष पर्याप्तता प्रतिशत | १३.२७% | १५.२८% | -२.०१ | -१३.२% |
| खुद मुनाफा | ३१,९३१.८० | ३२,८५३.७८ | -९२१.९८ | -२.८०% |
| निष्क्रिय कर्जा प्रतिशत | ०.४७% | ०.७९% | ०.३२% | ४०.५% |

उपरोक्त सूचाङ्कहरूले प्रष्ट पार्दछ की चालु आ.ब.२०७२/७३ को प्रथम त्रैयमासमा विकास बैंकको कर्जा, तथा मुनाफामा खासै बृद्धि नदेखिएता पनि आगमी त्रैयमासमा कर्जा प्रवाह तथा असुली कार्यमा तदारूकताका साथ लागि बैंकको मुनाफामा बृद्धि हुनेछ भन्ने विश्वास दिलाउन चाहान्छु । तथापी अघिल्लो आ.व. को सोही प्रथम त्रैमासको तुलनामा यस चालु बर्षको प्रथम त्रैयमासमा निक्षेपमा २७.३० प्रतिशत तथा कर्जामा २४.९ प्रतिशत बृद्धि गर्न बैंक सफल भएको छ ।

**(ख) ग्राहक सेवा, व्यवस्थापन तथा अन्य क्षेत्रमा सुचना प्रविधीको प्रयोग :**

आजको युग सूचना प्रविधीको बिना अधुरो तथा अपाङ्ग जस्तै हुन्छ । यस प्रतिषर्धी विश्व वजारका साथै देशमा भएको सुचना प्रविधिको विकाससंगै यस बैंकलाई सवल, सक्षम एवं प्रतिष्पर्धि सूचना प्रविधि युगमा स्थापित गरि सेवाग्राहीलाई सरल, सहज एवं छिटो छरितो रूपमा बैकिङ्ग सेवा प्रदान गर्नको लागी बैंकले ११ स्थानवाट ATM सेवा शुरू गरिएको र ग्राहक महानुभावहरूलाई सजिलो रूपमा आफ्नो घर/कार्यालयमा वसी आफ्नो कारोवार वारे जानकारी प्राप्त गर्नको लागी SMS Banking, I-Banking, E-Sewa जस्ता Mobile Banking सेवा सञ्चालन गरिएको छ ।

विकास बैंकले सूचना प्रविधिलाई व्यवस्थीत रूपमा केन्द्रिकृत गरि बैंकको केन्द्रिय कार्यालय वालुवाटारवाट नै सम्पूर्ण शाखाहरूको कारोवार व्यवस्थीत गर्नको लागी Centralized Pumori System प्रयोगमा ल्याइएको छ । बिकास बैंकको व्यवस्थापन सूचना व्यवस्था (MIS) लाई समय सापेक्ष सम्पूर्ण शाखाहरूको हिसाव किताव दैनिक रूपमा व्यवस्थापनबाट नियमन तथा नियन्त्रण गर्न सकिने गरि परिकल्पना गरिएको छ । त्यसै गरि ने. रा. बैं. को निर्देशन अनुसार Disastar Recovery Plan बनाई डिआर साइटमा प्रत्येक दिन Data Back up लिई केन्द्रीय कार्यालय, बालुवाटार तथा क्षेत्रीय कार्यालय, पोखरामा विकास बैंकमा तथ्याङ्कहरूलाई सुरक्षित साथ राख्ने गरिएको छ । बिकास बैंकको आन्तरिक सूचना प्रबाह तथा कम्युनिकेसन सिस्टममा सुधार गरि इन्ट्रानेटको व्यवस्था गरिएको छ । साथै मानव संशाधन व्यवस्थापनको लागि अत्याधुनिक पे रोल तथा मानव संशाधन व्यवस्थापनको सफ्टवेयर समेत लागु गरिएको छ । यस अघि पनि MICR Compatible चेकको डिजाइन लागू गरिएकोमा हाल सालै सम्पूर्ण चेकलाई MICR प्रविधीमा जारी गरि पूर्ण लागू गर्ने व्यवस्था गरिएको छ । साथै, सि डि एस सँग सम्झौता गरि बिकास बैंकको धितोपत्रहरू अभौतिकरण गरि सकिएको समेत जानकारी गराउँदछु ।

त्यस्तै हाल यस विकास बैंकले भारतको सेन्ट्रल बैंकको ईन्डियामा रहको नोस्ट्रो खाताबाट भारतमा औषधी उपचारको लागि जाने व्यक्तीहरू, अध्ययनको लागि जाने विद्यार्थीहरू तथा भारत भ्रमणमा जाने नेपाली दाजु भाई, दिदी बहिनीहरूको लागि आवश्यक कागजात लिई उक्त बैंकको रू. २५,००० सम्मको चेक उपलध गराई सहयोग गर्दै आईरहेको छ । यस विकास बैंक भारतीय रुपैयाँ कारोवारको नेपाल राष्ट्र बैंकबाट अनुमती लिई विकास बैंकको मुख्य शाखा, बालुवाटारबाट बिशेष कामले भारत जाने नेपाली दाजु भाई, दिदी बहिनीहरूलाई समेत आवश्यक कागजात लिई नेपाल राष्ट्र बैंकले तोकीएको सीमासम्म भारतीय रूपैया उपलव्ध गराई सेवा गर्दै आईरहेको रहेको जानकारी गराउँदछु ।

**(ग) संस्थापित शाखाहरूको विकास तथा सम्बर्धन र नयाँ शाखा विस्तार :**

संस्थापित शाखाहरूको विकास तथा शाखा बिस्तार गर्ने बैंकको नीति अनुरूप विकास बैंकले पोखरा र नेपालगञ्जमा क्षेत्रीय कार्यालयको रूपमा सञ्चालनमा ल्याई क्षेत्रीय व्यवस्थापनको अवधारणाको शुरूवात गरिएको र सोही अनुसार सेवा तथा सुविधाहरू समेत क्षेत्रीय स्तरमा नै अधिकार प्रत्यायोजन गरिएको छ । वित्तिय संस्थाको आवश्यकताको पहिचान गरि स्थानहरू छनौट गरि शाखा विस्तार गर्ने बैंकको उद्देश्य अनुरूप समिक्षा बर्षमा वालुवाटार मुख्य शाखा तथा चितवन-टाँडीमा शाखा बिस्तारको साथै यस बर्ष सुदूर पश्चिमाञ्चलको अत्तरीया-कैलाली, मध्य पश्चिमाञ्चलको चन्दननाथ न.पा. जुम्ला र पूर्वाञ्चलको इटहरी-सुनसरीमा शाखा संचालन गरि हाल शाखा संख्या २९ पुगेका छन् भने इमाडोल-ललितपुर तथा गुलेरीया-बर्दिया शाखा कार्यालय खोल्ने नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त भई निर्माण कार्य समेत अगाडि वढाइ सकिएको व्यहोरा जानकारी गराउँदछु ।

**(घ) आन्तरिक नियन्त्रण प्रणालीको विवरण :**

विकास बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई विशेष ध्यान दिईएको छ । नेपाल राष्ट्र बैंकको निर्देशन, बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा १४ र १५ मा भएको व्यवस्था बमोजिम संचालक समितिले आफ्नो जवाफदेहीतामा लेखा परीक्षण उप समिति, जोखिम व्यवस्थापन उप समिति, कर्मचारी सेवा सुबिधा निर्धारण उप समिति, खरीद तथा निर्माण समिति, पदपूर्ति समिति, आर्थिक निर्देशन समिति, कर्जा समिति, लगानी समिति र मर्जर तथा एक्वीजिशन समिति गठन गरि विकास बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न विभिन्न विनियमावली, नीति,निर्देशन, कार्यविधि तथा मार्गदर्शनहरू पारीत गरी आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई तथा जानकारी दिई लागू गरेको छ ।

यस विकास बैंकका गैरकार्यकारी संचालकको संयोजकत्वमा लेखा परीक्षण समिति गठन गरिएको छ । जसले विकास बैंकको वित्तीय कारोबारको अनुगमन गरी आन्तरिक नियन्त्रणलाई प्रभावकारी तुल्याईएको छ । यस विकास बैंकले आ.ब. २०७१/७२ मा वाग्ले एण्ड एसोसिएट्स, चार्टड

एकाउन्टेन्ट्सलाई कन्कुरेण्ट अडिट नियुक्त गरि दैनिक रुपमा कार्य सम्पादनको मूल्याङ्कन, अध्ययन तथा नियन्त्रणको रूपमा आन्तरिक लेखा परीक्षण गराई नियन्त्रण प्रणाली चुस्त र दुरूस्त राखिएको छ । साथै विकास बैंकले व्यवसायिक चार्टर्ड एकाउन्टेन्टलाई अनुपालना अधिकृत नियुक्ति गरि कारोवारहरूको लेखा जोखा तथा जाँच गर्ने ब्यवस्था गरिएको छ ।

**(४) मर्जर, (गाभ्ने/गाभिने तथा प्राप्ती/समाहित) पूँजी वृद्धि गर्ने सम्बन्धमा :**

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आ.ब. २०७२/०७३ को मौद्रिक नीति तथा उक्त बैंकको मिति २०७२/०४/२१ गतेको बैं.वि.नि.वि/नीति परिपत्र क ख ग/०२/०७२/७३ ले २०७४ आषाढ मसान्तम्म “ख” वर्गको राष्ट्रिय स्तरको विकास बैंकले चुक्ता पूँजी रू.२ अर्व ५० करोड पुर्‍याउनु पर्ने निर्देशन बमोजिम तथा सो बैंकको मिति २०७२/०४/२१ मा बैंक तथा बित्तीय संस्थाहरूलाई भाद्र मसान्त भित्र पूंजी योजना पेश गर्न दिएको निर्देशन बमोजिम यस विकास बैंकले समिक्षा बर्ष र आगामी २ आ.ब. को आर्जित मुनाफाबाट बोनस शेयर जारी गर्ने, हकप्रद शेयर निष्काशन गर्ने साथै अन्य बैंक तथा बित्तीय संस्थाहरूसँग मर्ज गर्ने गाभ्ने/गाभिने तथा प्राप्ती/समाहित गर्ने गरि नेपाल राष्ट्र बैंकले तोकेको पूँजी समय सीमा भित्र पुर्‍याउने सहितको पूँजी बृद्धि योजना पेश गरि सकेको छ ।

यस विकास बैंकले मर्जको लागि संस्थागत सुशासनमा संचालन भएको, सम्पती गुणस्तर राम्रो भएको, मुनाफामा रहेको, नेटवर्थ राम्रो भएको, सकभर शाखाहरू नबाभिने खालको उपयुक्त साभेदार आएमा मर्ज तथा प्राप्तीको लागि सधै खुला रहेको छ भने सो सम्बन्धमा विभिन्न वित्तीय संस्थाका प्रतिनिधिहरूसँग छलफल तथा अध्ययन गर्न मर्जर समिति गठन गरि कार्य समेत शुरू गरि सकेको जानकारी गराउँदछु ।

**(५) मानव संशाधन व्यवस्थापन :**

समिक्षा बर्षमा विकास बैंकमा कुल २५५ जना कर्मचारीहरू कार्यरत रहेका छन जस मध्ये ११० जना (४३.१३ प्रतिशत) महिला कर्मचारीहरू रहेका छन् । दक्ष, कुशल एवं व्यवसायीक जनशक्ती संस्थाको अमुल्य निधि रहने र सोही अनुसार जनशक्तीलाइ सशक्त एवं सक्षम बनाउनु पर्ने कर्तव्य संस्थाको रहने मान्यता अनुरूप विकास बैंकले कार्यरत कर्मचारीहरूलाई आवश्यकता अनुसारको बाह्रय तथा आन्तरीक तालीमहरू विभिन्न समयमा गराउँदै आइरहेको छ । यसरी जनशक्तिहरूको तालिमलाई दुई प्रकारले अगाडी बढाइएको छ । १) वाह्रय तालीम २) आन्तरीक तालीम

वाह्रय तालीम अन्तर्गत विभिन्न व्यवसायीक संस्थाहरूले सञ्चालन गर्ने तालीममा आवश्यकता अनुसार जनशक्तिलाई तालीममा सहभागी गराइनेछ भने आन्तरिक रूपमा विभिन्न विभागमा कार्यरत मानव संशाधनको कारोवारको प्रकृतीको आधारमा आन्तरिक रूपमा तालीम प्रदान गरिनेछ । विभिन्न शाखाहरूको कारोवार, प्रगती विवरण र समस्याहरूवारे छलफल तथा भावि योजना वारे अन्तरक्रिया गर्नु आवश्यक रहने हुँदा त्रैमासिक रूपमा उच्च व्यवस्थापन, विभागीय प्रमुख र शाखा प्रमुख विच अन्तरक्रिया र तालीमहरूको व्यवस्था गर्ने गरिएको गरिएकोछ ।

समिक्षा बर्षमा विकास बैंकले जनशक्ति तालीममा रू. ३४५,५५०/- खर्च गरेको छ । जसमा आवश्यकता अनुसार कनिष्ट तहदेखि कार्यकारी तहका कर्मचारीहरूलाई बिभिन्न संस्थाहरूद्वारा संचालन गरिएको तालिम तथा कार्यशाला गोष्ठीमा सहभागी गराएको छ । संस्थागत सुशासन, लेखा ब्यवसाय तथा नयां आयाम, कर्जा मूल्यांकन, सम्पती तथा दायित्व मूल्यांकन, एकिकृत निर्देशन सम्बन्धी कार्यशाला गोष्ठी, हस्ताक्षर जांच तथा नक्कली मुद्रा पहिचान, नेतृत्व विकास, आन्तरिक बैंक भुक्तानी, कर्जा तथा संचालन जोखिम ब्यवस्थापन, साना तथा मभौला कर्जा ब्यवस्था, सामान्य प्रशासन, निक्षेप मार्केटिङ्ग, नगद सम्बन्धी, सम्पती सुद्धिकरण, खुद्रा कर्जा लगानी, संशोधित कर सम्बन्धी कार्यशाला गोष्ठी, एडभान्स एक्सेल, उत्कृट जनशक्ति ब्यवस्थापन सम्बन्धमा तालिम प्रदान गरिएको छ ।

**(६) पूँजीको समूहगत शेयर स्वामित्व सम्बन्धमा :**

सांग्रिला डेभलपमेन्ट बैंक नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्ने इजाजत प्राप्त संस्था हो । जसको चुक्ता पूँजी यस आ.व.२०७१/०७२ को मूनाफा तथा संचित मुनाफा समेतबाट शेयरधनीहरूलाई दशौं वार्षिक साधारण सभाद्वारा पारित ४ बराबर १ हकप्रद शेयर तथा यस साधारण सभाद्वारा पारित गरिने २०.८५% बोनश शेयर प्रदान गरे पछि रू. १,०७,३४,५६,०००/- पुग्नेछ । विकास बैंकको प्रवन्धपत्रमा व्यवस्था भएबमोजिम शयेरधनीहरूलाई दुई वर्गमा विभाजन गरी संस्थापक समूह “क” का शेयर धनीहरूको ७० प्रतिशत र सर्वसाधरण समूह “ख” का शेयरधनीहरूको ३० प्रतिशत पूँजीको समूहगत शेयर स्वामित्व रहने व्यवस्था भई सोही अनुसार कार्यान्वयनमा रहेको छ ।

विकास बैंकले नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई प्रचलित कम्पनी कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही विकास बैंकले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्ने, संस्थापक र सर्वसाधारणको शेयर स्वामित्वको अनुपातमा संचालक समितिको समूहगत संरचनामा परिवर्तन गर्न सक्दछ । सोही अनुरूप विकास बैंकको संस्थापक शेयर स्वामित्व ५१ प्रतिशत

र सर्वसाधारणको शेयर स्वामित्व ४९ प्रतिशत कायम गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक समक्ष पूर्व स्वीकृतिको लागि पेश गर्ने भन्ने मिति २०७२/८/१५ मा बसेको संचालक समितिको १५६ औं बैठकबाट निर्णय भएको हो । त्यसरी निर्णय भएपछि स्वीकृतिको लागि पेश गरिएकोमा नेपाल राष्ट्र बैंकबाट मिति २०७२/०९/१२ को पत्रद्वारा संस्थापक शेयर सर्वसाधारणमा परिणत गर्न र सोहीअनुसार संचालक समितिमा प्रतिनिधित्व मिलाउने गरी स्वीकृति प्राप्त भएको छ ।

नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशनमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भएपछि आगामी साधारण सभाबाट प्रवन्धपत्र नियमावलीमा आवश्यक संसोधन गरी सोहीबमोजिम शेयर संरचना मिलाउनु पर्ने तथा संचालक समितिमा पनि शेयर स्वामित्वअनुरूप प्रतिनिधित्व हुने गरी मिलाउनु पर्ने भन्ने व्यवस्था भए अनुरूप यस साधारण सभामा संस्थापक समूहको शेयर स्वमित्व ५१ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ४९ प्रतिशत कायम गर्ने गरी प्रवन्धपत्रमा तथा नियमावलीमा संशोधन गर्ने र संस्थापक ६ जना सर्वसाधरण शेयरधनीहरूबाट २ जना संचालक रहने व्यवस्था भएकोमा संशोधन गरी संस्थापकबाट ४ जना र सर्वसाधरणबाट ३ जना संचालक रहने गरी संशोधन गर्न विशेष प्रस्ताब पेश गरिएको छ ।

यस विकास बैंकले कम्पनी ऐन, बैंक तथा वित्तय संस्था सम्बन्धी ऐन, अन्य प्रचलितकानूनहरू तथा नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशनहरूको परिपालना गर्दै आई आफ्नो प्रबन्धपत्र तथा नियमावली समेत आवश्यकता अनुसार संशोधन परिमार्जन गरी आएको छ र आफ्ना क्रियाकलापहरू पारदर्शी ढङ्गले वित्तीय सुशासन कायम राख्दै सुसंचालन गरी आएको छ । यसै परिप्रेक्ष्यमा विकास बैंकमा संस्थापकहरूको पूँजीको शेयर स्वामित्व र सर्वसाधारणको पूँजीको शेयर स्वामित्व समानुपातिक गरी संचालक समितिमा पनि समूहगत प्रतिनिधित्व समेत समानुपातिक गरेर विकास बैंकको उन्नति, प्रगतिमा संस्थापक र सर्वसाधरण शेयरधनीहरूको समान दायित्व, जिम्मेवारीलाई अभिवृद्धि गर्ने अभिप्राय समेत राखी पूँजीको शेयर स्वामित्व परिवर्तनको प्रस्ताव गरिएको हुँदा शेयरधनी महानुभावहरूको यस सभाद्वारा पारितको अपेक्षा संचालक समितिले लिएको छ ।

### (७) संस्थागत सुशासन :

संस्थागत सुशासन बिना कुनै पनि संस्था लामो समय तथा दिगो रूपमा अगाडी बढ्न सक्दैन एवं विश्वसनीय व्यवसाय संचालनको लागि संस्थागत सुशासन प्रमुख आधार हो भन्ने मान्यतामा बैंक प्रतिबद्ध रहि सोही बमोजिम यसका मुलभूत मान्यताहरू जवाफदेहिता, पारदर्शिता र ईमान्दारितालाई बैंकले सदैब पालना गर्दै आईरहेको छ । प्रचलित ऐन नियम नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायहरूद्वारा जारी निर्देशन तथा बैंकको आफनै नीति नियम तथा निर्देशिका बमोजिम कार्य संचालन गर्दै आईरहेको छ । यसरी आवश्यक नीति नियमहरू समयानुकुल संशोधन गरि सोलाई अद्यावधीक गर्ने काम निरन्तर भईरहेको छ । बैंकले आफ्नो बित्तीय विवरणहरू तथा नियमनकारी निकायद्वारा निर्धारण गरिएका सूचना तथा प्रतिबेदनहरू सरोकारवाला निकायहरूसंग पेश गर्नुको साथै प्रकाशन गरि आफ्नो वेवसाईडमा समेत राख्दै आईरहेको छ ।

यसरी यस विकास बैंकले नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायहरूले गर्दै आएको संस्थागत सुशासन सम्बन्धी बिभिन्न कार्यशाला गोष्ठी, सेमीनार तथा प्रशिक्षण कार्यक्रमहरूमा यस विकास बैंकका संचालक तथा कार्यकारीहरूलाई सहभागी गराउदै आईरहेको छ ।

### (८) औद्योगीक वा व्यवसायिक सम्बन्ध :

विकास बैंकले आफ्नो स्तरोन्नतसँगै व्यवसायीकतालाई परिमार्जन गर्दै राष्ट्रिय स्तरमा रहेका संघ/संस्था र कार्यालयहरूसँग व्यवसायीक र कारोवारको सम्बन्ध फराकिलो बनाउँदै अगाडी वढिरहेको छ जस मध्ये हाल मात्रै नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कर्मस काठमाण्डौको सदस्यता समेत लिई सकेको छ । व्यवस्थापन र सञ्चालक समिती विचको सम्बन्ध सुमधुर गर्न समितिबाट निति, निर्देशन, निर्णय र सरसल्लाह बमोजीम दैनिक कार्यहरू सुचारू रूपमा अगाडी बढाउँदै लगिनेछ ।

विकास बैंकसँग सम्बद्ध विभिन्न संघ संस्थाहरू नेपाल राष्ट्र बैंक, कम्पनी रजीष्ट्रार कार्यालय, धितोपत्र बोर्ड, डेभलपमेन्ट बैंङ्कर्स एशोसिएसन, विभिन्न बैंक तथा वित्तिय संस्थाहरू, नेपाल सरकार र सरकारी तथा गैर सरकारी संघ संस्थाहरूसंगको सुमधुर सम्बन्ध र व्यवसायिक कारोवारलाई सुमधुर वनाउदै लगीएको र बैंक तथा ग्राहक महानुभावहरू विचको कारोवार सम्बन्ध र सुरक्षालाई ध्यानमा राखी सुमधुर सम्बन्ध कायम गरिएको जानकारी गराउँदछु ।

### (९) संस्थागत सामाजिक उत्तरदायित्व :

समिक्षा बर्षमा विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अर्न्तगत रू. १२,३२,५०० खर्च गरेको छ । सामाजिक क्षेत्रमा पनि केही योगदान पुऱ्याउनु पर्दछ भन्ने कुरालाई आत्मसाथ गर्दै बिगतका बर्षहरूमा बिभिन्न धार्मिक, सामाजिक, साँस्कृतिक, शैक्षिक, सुरक्षा, खेलकुद लगायतका विभिन्न कार्यक्रमहरूमा आर्थिक तथा अन्य तवरले सहयोग प्रदान गर्दै आईरहेको छ भने आ.ब ०७१/७२ मा विभिन्न कार्यक्रमहरूमा

आफै प्रत्यक्ष वा परोक्ष रूपमा अन्य संस्थाहरूले गरेको कार्यमा आर्थिक नैतिक सहयोग गरि आफ्नो उत्तरदायित्व निर्वाह गरेको छ । साथै मिति २०७२ साल बैशाख १२ गते आएको बिनासकारी महाभुकम्पले गर्दा देशको बिभिन्न ठाउँहरूमा भएको अपुरणीय धनजनको क्षति तथा हजारौ मानिसहरू घरवार बिहीन भएको दुःखद घडीमा यस विकास बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत यस सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड र एभिन्यूज टेलिभिजनको संयुक्त सहकार्यमा यस बैंकको केन्द्रीय कार्यालय, बालुवाटार, काठमाण्डौंमा आपत्कालीन राहतकोष खाता नं. ९९९४२६००११७६९९००००१ खडा गरि उक्त कोषमा यस विकास बैंकको तर्फबाट रू. १२,००,०००/- प्रदान गरियो भने यस विकास बैंकका संचालक, कर्मचारीहरू तथा अन्य देश बिदेशमा रहनु भएका दाजुभाई तथा दिदी बहिनीबाट जम्मा हुन आएको रकम रू.२१,८५,३६२.४३ एक कार्यक्रमका बिच सम्माननिय प्रधानमन्त्रीज्यू मार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा हस्तानान्तरण गरिएको छ । ततपश्चात उक्त खातामा जम्मा हुन आएको रकम समेत गरि कुल रू. २७,३१,८११.४३ उक्त प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा हस्तानान्तरण गरिएकोछ । त्यस्तै चालु आ.ब. कार्तिक १३ गते बिकास बैंकको बार्षिकोत्सवको उपलक्ष्यमा बैंकको केन्द्रीय कार्यालय तथा क्षेत्रीय कार्यालयहरू पोखरा र नेपालगञ्जमा सफलता पूर्वक रक्तदान कार्यक्रम संचालन गरेको छ भने काठमाण्डौको सोल्टीमोड स्थित आमाघरमा आश्रित ६० बृद्धाहरूलाई एक दिने भोजन कार्यक्रम आयोजना गरि एक महिनासम्म पुग्ने खाद्यान्न समाग्री समेत हस्तानान्तरण गरेको छ । यसरी भविष्यमा पनि त्यस्ता सामाजिक उत्तरदायित्व कार्यहरूमा अझै निरन्तर सहयोग जारी रहने छ ।

## (१०) संचालक समितिमा भएको हेरफेर :

यस साँग्रिला डेभलपमेन्ट बैक लि. को सञ्चालक समितिमा ८ जना सञ्चालक रहने प्रावधानको व्यवस्था गरिएको छ । समिक्षा बर्षमा मिति २०७१ आश्विन १२ गतेका दिन सम्पन्न विशेष साधारणसभा वाट ८ जना सञ्चालक निर्विरोध निर्वाचित गरेको छ । संस्थापक शेयरधनी तर्फवाट ६ जना र सर्वसाधारण शेयरधनी तर्फवाट २ जना रहने सञ्चालक समितिमा १ जना विशेषज्ञ सञ्चालकको व्यवस्था रहेको भएतापनी हाल उक्त सदस्यको परिपुर्ती भई नसकेको जानकारी गराउँदछु ।

मिति २०७१ आश्विन १२ गते विशेष साधारण सभावाट निर्वाचित सञ्चालक विवरण निम्न बमोजीम रहेको छ ।

| क्र.सं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | प्रा.श्री सुरेन्द्र बहादुर भारीजु | अध्यक्ष | पोखरा २, कास्की |
| २ | श्री अच्युत प्रसाद प्रसाई | संचालक | नेपालगंज १३, बांके |
| ३ | प्रा.डा. श्री रबीन्द्र प्रसाद श्रेष्ठ | संचालक | कालिका ५, बाग्लुङ्ग |
| ४ | श्री शिवलाल मल्ल | संचालक | छाङ्ग ५, तनँहु |
| ५ | श्री मधुसुदन शर्मा | संचालक | नेपालगंज ३, बांके |
| ६ | श्री उज्वल सत्याल | संचालक | काठमाण्डौं ४, काठमाण्डौं |
| ७ | श्री निरन कुमार श्रेष्ठ | संचालक | हेटौडा २, मकवानपुर |
| ८ | श्री चुडाँमणी ढकाल | संचालक | फापरथुम ३, स्याङ्गजा |

## (११) कारोवारलाई असर पार्ने मुख्य कुराहरू :

विकास बैंकको कारोवारमा निम्न कुराहरूले असर पार्न सक्ने देखिन्छ :

(१) बैंक तथा वित्तीय संस्थाहरूको बढ्दो शाखा बिस्तारको प्रतिस्पर्धाले हुन सक्ने असर ।
(२) नेपाल सरकारको बित्तीय नीति तथा नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिमा हुने परिवर्तनबाट हुन सक्ने असरहरू ।
(३) देशको राजनीतिक अस्थिरताले गर्दा अर्थतन्त्रमा पर्ने असर ।
(४) तरलताको कारणले निक्षेप र कर्जा लगानीको व्याजदरमा समय समयमा भईरहने परिवर्तनले हुने असर ।
(५) लगानी मैत्री वातावरणको अभाव तथा समयावधि भित्रै कर्जा असुली नभई हुने असर ।
(६) अन्तराष्ट्रिय अर्थतन्त्रमा आउने परिवर्तन आर्थिक उतारचढाबले पार्न सक्ने असर ।
(७) मुद्रास्फितिको कारण संचालन तथा आयात लागतमा हुने बृद्धि ।
(८) महाभुकम्पबाट देशको अर्थतन्त्रमा पर्न सक्ने असरहरू ।
(९) बैकल्पिक उर्जाको रूपमा रहेको पेट्रोलियम पर्दाथमा बारम्बार हुने अभावले हुने असर ।
(१०) बचत तथा ऋण सहकारीको बढ्दो संजाल तथा तिनको अत्यधिक असफलता ।
(११) मित्र राष्ट्र भारतको नाकाबन्दीले गर्दा अर्थतन्त्रमा पर्ने असरहरू ।

(१२) हुलदङ्गा, बन्द हडतालको कारणकारोवारमा पर्ने सक्ने असरहरू ।

**(१२) लेखा परीक्षण प्रतिबेदनका कैफियत उपर संचालक समितिको प्रतिक्रिया:**

